बैठक नं. ०४

आज मिति २०७७/०५/३० गतेका दिन कोहलपुर नगरपालिका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितीमा निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

| क.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | छबिलाल नेपाली | सचिव | |
| सहयोगी कर्मचारी | | | |
| १ | सुदिप सिंग सुनार | लेखा अधिकृत | |
| २ | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ३ | हेमराज खत्री | का.स. | |
| ४. | राजेन्द्र रमटा | " | |

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

प्रस्ताव नं.१ मा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमान्डौको प.स.०७७/०७८ च. नं. ५१ मिति २०७७/०५/१७ को प्राप्त पत्रानुसार कोरोना भाईरस कोभिड -१९ को महामारीबाट संक्रमित बिरामी राख्नको लागि अस्पताल नभएका स्थानीय तहले ५(पाँच) बेडको अस्पताल स्थापना गर्ने भनि बजेटको व्यबस्था सहित परिपत्र गरेको हुँदा कोहलपुर -२ स्थित योग एवं प्राकृतिक स्वास्थ्य समाज नेपालले संचालन गरेको सामुदायीक आयुर्वेद एवं प्राकृतिक अस्पतालमा आवश्यक पूर्वाधार निर्माण गरि अस्पताल स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका अन्तर्गतका सामुदायीक विद्यालयहरुका शिक्षकहरुको दरबन्दी मिलान गर्नु पर्ने भएकोले दरबन्दी मिलान नहुँदा सम्म सरुवा , पदपूर्ति तथा पदस्थापना नगर्ने साथै **शिक्षक दरवन्दी मिलान कार्यविधि २०७६,** बमोजिम दरबन्दी मिलानको प्रस्ताव तयार गर्नको लागि नगर शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको लागि आवश्यक पर्ने अनुसूची फारामहरु नगरपालिकाको कार्यालयले छपाई वडा कार्यालयहरुलाई उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा कोभिड -१९ को महामारी तथा संक्रमित बिरामी राख्नको लागि स्थापना भएको अस्पताललाई आवश्यक पर्ने कार्मचारीहरुको लागि बजेट समेत निकासा भईसकेको हुँदा डक्टरको भर्नाको लागि आवश्यक प्रक्रिया संचालन गर्ने र स्टाफ नर्स र कार्यालय सहयोगी लागि नगरपालिकाको कार्यालयले संचालन गरेको परिक्षामा वैकल्पिक उमेद्वारबाट भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल यस कोहलपुर नगरपालिकाको कार्यालयलाई आवश्यक पर्ने नगर प्रहरी (६जना जवान १जना कमान्डर) विगत वर्षमा सेवा प्रदायक संस्था माता वागेश्वरी सेक्युरिटी प्रा.लि. नेपालगंज संग सेवा करारमा सम्झौता गरि लिईरहेकोमा यस चालु आ.व. ०७७/०७८ मा समेत उक्त सेवा प्रदायक संस्था माता वागेश्वरी सेक्युरिटी प्रा.लि. नेपालगंजलाई निरन्तरता दिने र नगर प्रहरीले पाउने सेवा सुविधा नगरपालिकाको कार्यालय र उक्त कम्पनी बीचको सम्झौता अनुसार गर्ने/ गराउने यदि सम्झौता हुन नसकेको अवस्थामा नगरपालिकाको कार्यालयले अन्य प्रक्रियाबाट नगर प्रहरीको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल यस नगरपालिका क्षेत्रमा रहेको ऐलानी , प्रति जग्गाको संरक्षण गर्नु पर्ने भएकोले लागत संकलनको लागि वडा कार्यालयलाई ऐलानी, प्रति जग्गाको लगत अद्यावधिक गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल यस कोहलपुर नगरपालिका क्षेत्रमा रहेका विज्ञापनका सामग्री होडिंगबोर्ड , साइन बोर्ड तथा डिजिटल बोर्डको ठेक्का सम्झौता कोहलपुर एग्रोमिट प्रोसेसिंग प्रा. लि. संग भएकोमा सातौ नगर सभाले सम्झौता बदर गर्ने निर्णय गरेकोले उक्त कार्यको लागि न्युनतम बिज्ञापन शुल्क रु.२१,००,०००/- एक्काइस लाखबाट नघट्ने गरि आ.व.०७७/०७८, ०७८/०७९ र ०७९/०८० को लागि ठेक्का खोल्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा प्रशोधन कार्यको लागि जटायु रि-साईकल्स प्रा.लि. कोहलपुर-९ बाँके संग मिति २०७७/०३/२६ गते सम्झौता भईसकेको र उपभोक्ताहरु बाट भुक्तानी गर्नु पर्ने शुल्कको दर रेट कायम गर्नु पर्ने भएकोले मासिक तपशिल बमोजिमको शुल्क कायम गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १. | प्रति चुलो | रु. ५०/- | |
| २. | रेस्टुरेन्ट | रु. सहमतिमा | |
| ३. | होटेल | रु. सहमतिमा | |
| ४. | सरकारी बिद्यालय | रु. १००/१५०/२०० | |
| ५. | निजि तथा आवासीय | रु. सहमतिमा | |
| ६. | पार्टी प्यालेस | रु. सहमतिमा | |
| ७. | सरकारी कार्यालय | रु. ५००/- | |
| ८. | हेल्थ पोस्ट | रु. १००/- | |
| ९. | साधारण मेडिकल | रु. २००/- | |
| १०. | डाक्टर सहितको मेडिकल | रु. सहमतिमा | |
| ११. | खसी काट्ने | रु. ५००/- | |
| १२. | कुखुरा काट्ने | रु. १५०/- | |
| १३. | माछा काट्ने | रु. १००/- | |
| १४. | बंगुर काट्ने | रु. २००/- | |
| १५. | सटर | रु. १००/- | |
| १६. | फलफुल | रु. ५०/- | |
| १७. | मुम्फली | रु. ५०/- | |
| १८. | चाउमिन मःम | रु. ५०/- | |
| १९. | चना मटर | रु. ५०/- | |
| २०. | मकै पोल्ने | रु. ५०/- | |
| २१. | उखुरस निकाल्ने | रु. २००/- | |
| २२. | आईसक्रिम बेच्ने | रु. ५०/- | |

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २३. | फलफुलको जुस निकाल्ने | रु. १००/- | |
| २४. | मोटरसाइकल ग्यारेज | रु. ३००/- | |
| २५. | साइकिल मर्मत | रु. १००/- | |
| २६. | हेभी गाडी मर्मत | रु. ५००/- | |
| २७. | हावा तथा पन्चर टाल्ने वाला | रु. १००/- | |
| २८. | बाल काट्ने /व्युटी पार्लर | रु. २००/- | |
| २९. | सिसा पसल | रु. १०००/- | |
| ३०. | हार्डवेयर पसल | रु. ५००/- | |
| ३१. | भैसी /राँगा मासु पसल | रु. ३००/- | |
| ३२. | माथि नपरेका | सहमतिको आधारमा | |

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा कोहलपुर नगरपालिकाले आ. व.२०७६/०७७ मा सडक बोर्ड नेपाल, ५नं. प्रदेश सरकार, सामाजिक मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, सामाजिक डिभिजन कार्यालय बाँकेसँगको लागत साझेदारी र नगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट बजेट रकम ब्यवहोर्ने गरी सम्पन्न भएका तपसिल बमोजिमका योजनाहरुको भुक्तानी तपसिल बमोजिमको स्रोतबाट दिने निर्णय गरियो ।

तपसिल :

| क्र. सं | आयोजनाको नाम | स्थान | भुक्तानी दिनु पर्ने रकम | बजेटको स्रोत |
|---|---|---|---|---|
| १. | कृष्ण मा.विमा शौचालय तथा सेफ्टी ट्याङ्की निमार्ण | कोहलपुर १ | १८,४६,०७७/- | समपुरक कोष |
| २. | डायनामिक बोर्डिङ स्कूल अगाडि बाटो मर्मत | कोहलपुर १० र ११ | ८७,२६३।३२ | मर्मत संभार कोष |
| ३. | त्रिभुवन नमुना विद्यालय चमेनागृह निर्माण | कोहलपुर १० | ८,६३,०००/- | समपुरक कोष |
| ४. | पेन्शन क्याम्पदेखि प्रमिला शाहीको घर जाने बाटोमा पक्की नाली निर्माण | कोहलपुर ११ | ४,९८,९७९/३९ | समपुरक कोष |
| ५. | शिखर भवनदेखि पश्चिम वयेस्टन स्कुल जाने बाटो मा पक्की नाली निर्माण | कोहलपुर ११ | ४,९७,०३२/३५ | समपुरक कोष |
| | | | | |
| ६. | कालिका ताजा तरकारी कृषक समुहलाई अनुदान | कोहलपुर २ | १००,०००/- | समपुरक कोष |
| ७ | बास संयोजकको पारिश्रमिक | कोहलपर न.पा | ७१,९८०/- | बिविध खर्च |
| ९. | बाटो मर्मत सम्भार/ ह्युम पाईप जडान | कोहलपुर ७ | ७७,९०३/९० | मर्मत संभार कोष |
| १०. | श्री बाल प्राविधिक विद्यालयमा माटो पटान | कोहलपुर ७ | ९७,४००/- | मर्मत संभार कोष |
| ११. | खिम प्रसाद रेग्मीको घरदेखि सगरमाथा | | ४,८६,१२९/५४ | समपुरक कोष |

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके प्र.नं. प्र. नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | ज्ञानपुन्ज जोड्ने बाटो मर्मत | कोहलपुर ३ | | |
| १२. | झण्डहवा जाने बाटोमा ह्युम पाईप जडान | कोहलपुर ९ | १,१९,३५४/८६ | मर्मत संभार कोष |
| १३. | गंगादेवी रानालाई विपद सहयोग | कोहलपुर ५ | २०,०००/- | बिपद व्यवस्थापन कोष |
| १४ | कोहलपुर टाईम्स राष्ट्रिय दैनिक | कोहलपुर | ४८,०००/- | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन |
| १५. | मिडिया सेन्टर प्रा.लि/ बोलपत्रको सुचना प्रकाशन | कोहलपुर न.पा | ९७,२५०/- | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन |
| १६ | ढुण्डीराज पाण्डे धानवाली नष्ट | कोहलपुर– ०२ | २०,०००।– | बिपद व्यवस्थापन कोष |
| १७ | वडा नं ०८ को राहत वितरणको बाँकि दिनु पर्ने दायित्व | कोहलपुर– ०८ | १९,२६८।- | बिपद व्यवस्थापन कोष |

निर्णय नं. १०

प्रस्ताव नं.१ मा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमान्डौको प.स.०७७/०७८ च. नं. ५१ मिति २०७७/०५/१७ को प्राप्त पत्रानुसार कोरोना भाईरस कोभिड -१९ को महामारीबाट संक्रमित बिरामी राख्रको लागि अस्पताल नभएका स्थानीय तहले ५(पाँच) बेडको अस्पताल स्थापना गर्ने भनि बजेटको व्यबस्था सहित परिपत्र गरेको हुँदा कोहलपुर -२ स्थित योग एवं प्राकृतिक स्वास्थ्य समाज नेपालले संचालन गरेको सामुदायीक आयुर्वेद एवं प्राकृतिक अस्पतालमा आवश्यक पूर्वाधार निर्माण गरि अस्पताल स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं.११ मा छलफल गर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मामिला मिति २०७७/०५/ २०७७/०५/०२ गतेको सुचना बमोजिम " प्रदेश र स्थानीय तहमा पर्यटन पुर्वाधार तथा पर्यटन उपज विकास **साझेदारी** कार्यक्रमको लागि तपसिल योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिल :

१ जैविक पार्क निर्माण तथा जैविक पदमार्ग सडक कालोपत्रे कोहलपुर-१३ ।

२ ताल संरक्षण तथा पुननिर्माण कार्य कोहलपुर-०३ ।

प्रमुख प्रशासकीय अधिकृत